# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १४

मितिः- २०८१।११।२२ गते बिहिवार

बैठक प्रारम्भः- बिहान ११:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १४ औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. का.वा.वडाध्यक्ष) | श्री दिनेश कुमार श्रेष्ठ | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सदस्य-सचिव | श्री कमल गौतम | |

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १४

मितिः- २०८१।११।२२ गते बिहिवार

बैठक प्रारम्भः- बिहान ११:०० बजे

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. राष्ट्रिय योजना आयोगमा पठाउने समपूरक तथा विशेष योजना सम्बन्धमा ।

३. चैनपुर नगरपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा ।

४. खराङ्ग स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।

५. विविध

क. इलाका प्रहरी कार्यालय गुफापोखरीको भवन निर्माणका लागि जग्गा प्रासी सम्बन्धमा ।

ख. चैनपुर १ नुनढाकी तातोपानी सौन्दर्यकरणको लागि आयोजना माग सम्बन्धमा ।

ग. खहरे सौर्य सिंचाई परियोजना निर्माणमा नगरपालिका प्रतिवद्धता सम्वन्धमा ।

घ. भूमी समस्या सहजीकरण समितिमा सदस्य मनोनयन सम्बन्धमा ।

ङ. अधुरा आयोजना सम्बन्धमा ।

च. प्राथमिक स्वास्थ्य केन्द्रको अध्ययन प्रतिवेदन पेश सम्बन्धमा ।

छ. चैनपुर ८ वानेश्वर टलिकम टावर र भवन सम्बन्धमा ।

ज. बजेट शीर्षक संशोधन सम्बन्धमा ।

झ. जग्गा वर्गीकरण क्षेत्र परिवर्तन सम्बन्धमा ।

कमल गौतम
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ
नगर प्रमुख

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १४

मिति:- २०८१।११।२२ गते बिहिवार

बैठक प्रारम्भ:- बिहान ११:०० बजे

**निर्णयहरु**

**निर्णय नं. १.** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८१ फाल्गुण ०५ गते बसेको १४ औं कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं. २, ३, ४, ५, ६ र ७ क, ग, घ, ङ र छ कार्यान्वयनको भएको र कार्यान्वयन भई रहेको ७ ज कार्यान्वयन गर्न बाँकी प्रस्तावहरु ७ ख र च को कार्यान्वयनका लागि सम्वन्धित शाखाहरुलाई ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ उपर छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८१ माघ १६ गते प्रकाशित सूचना अनुसार समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ अनुसार स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२\०८३ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रम तपसिल अनुसार पठाउने निर्णय गरियो ।

तपसिल

समपूरक अनुदान तर्फ

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १.चैनपुर बाह्रबीसे दोभाने सडक निर्माण | | क्रमागत |
| समपूरक अनुदान नयाँ तर्फ | | |
| १.चैनपुर भण्डारीमोड देखि चैनपुर ९ वडा कार्यालय, शारदा माध्यिमक विद्यालय तथा स्वास्थ्य चौकी जाने सडक स्तरउन्नती | १ | नयाँ |
| २. चैनपुर पोखरी वजारवाट चैनपुर ४ मैदाने सरस्वती मावि हुदै स्वास्थ्य चौकी भवन जाने तल्लो सडक खण्ड स्तरउन्नती | २ | नयाँ |

विशेष अनुदान तर्फ

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १.चैनपुर पोखरी फोहरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र चैनपुर ३ र ६ | १ | नयाँ |
| २. चैनपुर बाली तथा चिस्यान भण्डारण केन्द्र संचालन तथा मेसिन खरिद | २ | नयाँ |
| ३. चैनपुर नगर अस्पताल स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री खरिद | | |

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १४

मितिः- २०८१।११।२२ गते बिहिवार

बैठक प्रारम्भः- बिहान ११:०० बजे

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिका स्थापना दिवस मिति २०८२ वैशाख २३, २४ र २५ गते विशेष समारोहको आयोजना गरि भव्यताका साथ मनाउने निर्णय गरियो साथै उक्त कार्यक्रम संचालनका लागि आवश्यक पर्ने बजेटको समेत व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चैनपुर नगरपालिका १० स्थित खराङ्ग स्वास्थ्य चौकी भवन निर्माणका लागि संघीय सरकार स्वास्थ्य मन्त्रालयबाट रु.३८,००,०००। अड्तीस लाख मात्र आ.व.२०८१।०८२ मा नै सम्पन्न गर्ने गरि प्राप्त भएको हुँदा उक्त स्वास्थ्य चौकी भवन वहु वर्षे आयोजना बनाई कुल लागत रु.१ करोड ३४ लाख भएकोले ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ विविध**

क. चैनपुर नगरपालिका -१ स्थित श्री गुफापोखरी आ.वि.गुफापोखरीको नाममा दर्ता कायम रहेको जग्गा कि. नं. ११२ र ११४ क्षेत्रफल ४१ रोपनी मध्ये ५ रोपनी इलाका प्रहरी कार्यालय गुफापोखरीको कार्यालय भवन निर्माणका लागि निःशूल्क रजिष्ट्रेशन पास गरि दिने भनी विद्यालय व्यवस्थापन समितिको बैठकले निर्णय गरेको तथा चैनपुर नगरपालिका १ नं. वडा कार्यालयबाट समेत सिफारिस भई आएको हुँदा उक्त जग्गा निः शूल्क रजिष्ट्रेशन पासको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

ख. पर्यटन तथा संस्कृति मन्त्रालय, पर्यटन विकास आयोना प्रदेश नं.१ बिराटनगर (नेपाल) को पत्र संख्या ०७९/०८०, च.नं. ३९, मिति २०७९/६/१२ को जानकारी सम्बन्धी पत्रानुसार नुनढाकी, तातोपानी धार्मीक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा सौन्दर्यकरण, चैनपुर -१ सङखुवासभाको लागि रु २०,००,०००/- बीस लाख विनियोजन भएको पत्र यस कार्यालयललाई प्राप्त भएको । उक्त पत्र प्राप्त भएकै मात्र आधारमा PLMBIS मा कार्यक्रम Entry नभई अज्ञानता वस यस कार्यालयबाट नुढाकी तातोपानी धार्मिक तथा पर्यटकीय समिति विच ल.इ. २२,२६,५९९/- को ईष्टिमेट तयार गरी मिति २०७९/०७/२२ गते संझौता भएको । उक्त संझौता अनुसार कार्यसम्पन्न भई २०७९/०९/१२ गते कार्य सम्पन्न मूल्यांकन विल समेत सम्पूर्ण आवश्यक कागजात संलग्न गरी प्रदेश सरकार पर्यटन विकास आयोजनामा भूक्तानीको लागि पठाईएकोमा रकम भूक्तानी नभई उपभोक्ता समितिको तर्फबाट श्री उच्च आदालत विराटनगर धनकुटा ईजलासमा रिटनिवेदन गरी मुद्दा खारेज भएको । पुनः यस विषयमा समितिको तर्फबाट सङखुवासभा जिल्ला अदालतमा फिरादपत्र विचाराधिन अवस्थामा रहेको छ ।अतएवः उक्त उपभोक्ता समितिले संझौता अनुसार कर्तव्य पुरा गरेको अवस्थामा पनि यस चैनपुर नगरपालिकाले आफ्नो बार्षिक कार्यक्रममा बजेटको अभावको कारणले गर्दा रकम सुनिश्चित गर्न नसकेको हुँदा भूक्तानी हुन सकेको छैन । हालसम्म ताहाँ

मितिः- २०८१।११।२२ गते बिहिवार

बैठक प्रारम्भः- बिहान ११:०० बजे

पर्यटन तथा संस्कृति मन्त्रालयबाट पनि रकम भुक्तानी नभएको हुँदा उपभोक्ता समितिले गरेको कामको रकम भूक्तानी दिनुपर्ने भएकोले यस कार्यालय मार्फत रु २०,००,०००/- बीस लाख निकासा पठाई दिनुहुन पर्यटन, वन तथा बातावरण मन्त्रायलय, कोशी प्रदेश बिराटनगरमा अनुरोध गर्ने सर्वसम्वतबाट निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका वडा नं.-११ मा खहरे सौर्य सिंचाइ परियोजना निर्माण/जडान गर्नको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र चैनपुर नगरपालिकाबीच लागत साझेदारीमा कार्यान्वयनका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ८० प्रतिशत रु. १,०३,१९,६६०.१४।- र चैनपुर नगरपालिकाको २० प्रतिशत रु.२५,७९,९१५.०४।– व्यहोर्ने निर्णय गरियो ।

घ. भूमीहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासी लगत संकलन सम्वन्धी सम्वन्धी कार्यविधि,२०८१ को दफा ४ को उपदफा १ (घ) मा व्यवस्था भए बमोजिम कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित वा अल्पसंख्यक र एक महिला गरि २ जना सदस्य रहने व्यवस्था अनुसार तपसिल अनुसार सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

१.श्री चन्द्रवती तिखत्री — कार्यपालिका सदस्य

२.श्री शिवराज राई — कार्यपालिका सदस्य

ङ. स्थानीय तहले समपूरक अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेको निर्धारित समयमा सम्पन्न हुन नसकी यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म अधुरै रहेको पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२/०८३ भित्र सम्पन्न गर्न अवस्था भएमा त्यस्तो हुने सक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकको लागि दफा ४ बमोजिम प्रस्ताव पेश सकिने भएकोले तपसिल अनुसारका आयोजनाहरु माग गर्ने निर्णय गरियो ।

१.खराङ्ग हात्तीसुडे हुदै पिलुवा दोभान जाने सडक हाल सम्म ७ कि.मि. कालोपत्रे भएको अव बाँकी ५ किलोमिटर बाँकी रहेको यस वर्ष सम्पन्न नगरपालिकाको प्राथमिकतामा परेको सडक भएका तथा नगरपालिकाले समेत लागत साझेदारी गरेको हुँदा आर्थिक वर्ष २०८२।०८३ मा सम्पन्न गर्ने प्रतिवद्धता सहित योजना माग गर्ने निर्णय गरियो ।

२. चैनपुर रातमाटे बर्रे हुदै मावादिन सडक हाल सम्म ४ किलोमिटर कालोपत्रे भएको र बाँकी १० किलोमिटर रहेको हुँदा सो सडक आर्थिक वर्ष २०८२।०८३ मा सम्पन्न गर्ने प्रतिवद्धता सहित योजना माग गर्ने निर्णय गरियो ।

च. प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर औषधी तथा आर्थिक विवरण अध्ययन गर्न गठन भएको अध्ययन टोलीको प्रतिवेदन कार्यपालिका बैठक पेश भयो उक्त प्रतिवेदनमा आएका कमीकमजोरीहरुलाई थप अध्ययन गरि कार्यान्यवन गर्न तपसिल अनुसारको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक श्री कालीबहादुर लिम्बु

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १४

मितिः- २०८१।११।२२ गते बिहिवार — बैठक प्रारम्भः- बिहान ११:०० बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, संखुवासभा कोशी प्रदेश नेपाल स्था. २०७३

सदस्य श्री धनबहादुर तामाङ

सदस्य श्री दिनेश श्रेष्ठ

सदस्य श्री उज्जल बस्नेत

सदस्य सचिव श्री योगेश श्रेष्ठ

छ. चैनपुर नगरपालिका ८ स्थित वानेश्वरडाँडामा रहेको नेपाल टेलिकम टावर र भवनको व्यवस्थापन तथा रेखदेख गर्न सोही क्षेत्रमा रहेको सिद्धीनागी सामुदायिक वन उपभोक्ता समितिले रेखदेख र संरक्षण गर्न यस नगरपालिकामा निवेदन पेश गरेको हुँदा उक्त वन उपभोक्ता समितिलाई रेखदेखको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

ज. चैनपुर नगरपालिका १६ औं नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार देहायका योजनाहरुको नाम संशोधन गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | रकम | क स | संशोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | श्री शारदा आ वि ओखरवोटे कर्कटपाता चैनपुर ६ | १५०००० | १ | श्री शारदा आ वि ओखरवोटे भवन मर्मत चैनपुर ६ | १५०००० । | |
| २ | घलेगाउँ खानेपानी पाइप खरिद चैनपुर १ | १५०००० । | २ | घलेगाउँ खानेपानी योजना चैनपुर १ | १५०००० । | |
| ३ | मयम खानेपानी पाइप खरिद चैनपुर २ | १५०००० । | ३ | मयम खानेपानी योजना चैनपुर २ | १५०००० । | |
| ४ | शहरी स्वास्थ्य केन्द्र रातमाटे भवन निर्माण क्रमागत चैनपुर ३ | ५ लाख | ४ | शहरी स्वास्थ्य केन्द्र रातमाटे भवन निर्माणका लागि ग्याबिङ वाल निर्माण चैनपुर ३ | ५ लाख | |

कमल गौतम
प्रमुख प्रशासकीय अधिकृत

झ. चैनपुर नगरपालिका वडा नं. -३ जग्गा वर्गीकरणको क्षेत्र परिवर्तनको माग निवेदन अनुसार श्री शिवनाथ जोगीको नाममा दर्ता कायम भएको कि.नं.५२ क्षेत्रफल १९३० वर्गमिटर कृषि क्षेत्रमा परेको हुँदा आवासिय क्षेत्रमा कायम गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १:५० बजे यही अन्त्य गरियो।